## मैवाखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## साँघु, ताप्लेजुङ
स्थापना: २०७३

१ नं. प्रदेश नेपाल

(कार्यपालिका बैठक)

मिति: २०८०/०३/२१

---

बैठक सुरू समय: बिहान ८ बजे

बैठक संख्या: २३

बैठकको अध्यक्षता: विजय प्रकाश वनेम

उपस्थिति:

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विजय प्रकाश वनेम | अध्यक्ष | [signature] |
| २ | श्री कमल कुमारी लिम्बु | उपाध्यक्ष | [signature] |
| ३ | श्री चन्द्र कुमार तामाङ | १ नं. वडाध्यक्ष | [signature] |
| ४ | श्री नरेन्द्र लिम्बु | २ नं. वडाध्यक्ष | [signature] |
| ५ | श्री खगेन्द्र थक्लुङ | ३ नं. वडाध्यक्ष | [signature] |
| ६ | श्री फुर्वा शेर्पा | ४ नं. वडाध्यक्ष | [signature] |
| ७ | श्री केशर लिम्बु | ५ नं. वडाध्यक्ष | [signature] |
| ८ | श्री राजुमान लिम्बु | ६ नं. वडाध्यक्ष | [signature] |
| ९ | श्री रिता शेर्पा | सदस्य | रिता शेर्पा |
| १० | श्री पासाङ ग्याल्बु शेर्पा | सदस्य | [signature] |
| ११ | श्री बिनु लिम्बु | सदस्य | [signature] |
| १२ | श्री तुलसा बराईली | सदस्य | तुलसा |
| १३ | श्री सुनिता फागो | सदस्य | [signature] |
| १४ | श्री नर कुमारी लिम्बु | सदस्य | [signature] |
| १५ | श्री लक्ष्मी माया गोम्देन | सदस्य सचिव | [signature] |

मैवाखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
साँघु, ताप्लेजुङ
स्था: २०७३

पत्र संख्या:- २०७९/८०

(१.नं. प्रदेश नेपाल)

चलानी नं:-

मिति:-२०८०/०३/२१

मैवाखोला गाउँपालिका गाउँकार्यपालिकाको मिति -२०८०/०३\२१ गते बसेको २३ औं बैठकको निर्णयहरू

| सि.नं. | निर्णय विवरणहरू | कैफियत |
|---|---|---|
| १ | मिति २०८०\०३\०९ गते गाउँसभाको तेस्रो बैठकमा पेश भएको विनियोजन विधेयक र आर्थिक विधेयक उपर उठेका प्रश्नहरूको जवाफ कार्यपालिकाको तर्फबाट कार्यपालिकाको सदस्य श्री कमल कुमारी लिम्बूले दिने सर्व सम्मतले निर्णय गरियो। | |
| २ | नमुना विकासका लागि छनौट भएको नारायणी मा.वि. भवन निर्माणका लागि आर्थिक वर्ष २०७९\०८० मा आएको सशर्त बजेट जग्गा प्राप्ति गर्न भवन निर्माण कार्य ढिलाई भई कार्य शुरुवात भएको तर कार्य सम्पन्न नभएकाले उक्त रकम विद्यालयको खातामा निकासा गरी कार्य सम्पन्न नहुञ्जेल खाता बन्द गर्ने सर्वसम्मतले निर्णय गरियो। | |
| ३ | यस कार्यालयको योजना शाखामा कार्यरत अ.सब इन्जिनियर द्वय इनुषा न्यौपाने र विजय कुमार चोङ्बाङ विदा स्वीकृत नगरी विदेश भ्रमण गएको साथै स्पष्टीकरण माग्दा समेत जवाफ नदिएको कारण दुवै जनालाई काबाही प्रक्रिया अघि बढाउनका लागि लोकसेवा आयोगमा परामर्श माग्ने निर्णय सर्वसम्मतले निर्णय गरियो। | |
| ४ | आर्थिक वर्ष २०७९\८०को वित्तीय समानीकरण अनुदान अन्तिम निकासामा ५० प्रतिशत कम निकासा भएकोले सञ्चालित योजनाहरूको भुक्तानी वित्तीय समानीकरण अन्तरगतका चालु र पुँजीगतमा भएको रकमबाट भुक्तानी गर्न सर्वसम्मतले निर्णय गरियो। | |
| ५ | मैवाखोला गाउँपालिकाको स्रोत नक्सामा वडा नं. ५ र ६ को सीमाना | |

<table>
<tr><td></td><td>नमिलेको पाइएकोले साबिकको वडा नं. १ देखि ४ नं. सम्मको भूगोल हालको ६ नं. वडाको भूगोलमा पर्न गएकाले उक्त स्रोत नक्सा सच्याउनका लागि आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो।</td><td></td></tr>
<tr><td>६</td><td>लोगो छनौट समितिबाट छनौट भई आएको मैवाखोला गाउँपालिकाको लोगो सर्व सम्मतले स्वीकृत गरी सभाको चौथौ बैठकमा अनुमोदनका लागि पेश गर्ने सर्व सम्मतले निर्णय गरियो।</td><td></td></tr>
<tr><td>७</td><td>मैवाखोला गाउँपालिकाका विभिन्न वडाहरूबाट सिफारिस भई आएका तपशीलका रोगीहरूलाई तपशीलको दरले आर्थिक सहयोग गर्ने सर्वसम्मतले निर्णय गरियो।
<table>
<tr><th>क्र.सं.</th><th>रोगीको नाम</th><th>रोग</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>नन्द कुमार तामाङ</td><td>घाँटीको क्यान्सर</td><td>५०,०००\-</td><td></td></tr>
<tr><td>२</td><td>पदम जङ्ग नियोङ</td><td>मेरुदण्ड भाँचिएको</td><td>३५,०००\-</td><td></td></tr>
<tr><td>३</td><td>थर्कमान वनेम</td><td>फोक्सोको क्यान्सर</td><td>५०,०००\-</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td>विधायन समितिबाट सिफारिस गरेको सभा अन्तरगतका विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०, अर्थ तथा सार्वजनिक लेखा (गठन तथा सञ्चालन) कार्यविधि, २०८०, सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० गरी जम्मा ३ वटा कार्यविधि र तथा प्राकरतिक स्रोत व्यवस्थापन सम्बन्धी बनेको विधेयक, २०८० स्वीकृत गरी सभाको चौथौ बैठकमा पेश गर्ने सर्व सम्मतले निर्णय गरियो।</td><td></td></tr>
<tr><td>९</td><td>मैवाखोला, फुङ्लिङ र आठराई त्रिवेणीका सवै वडाहरुमा कार्यक्षेत्र भएको आधारशिला बहुउद्देश्यीय सहकारी संस्था लि. फु.न.पा.-४, ताप्लेंजुङलाई वित्तीय व्यवस्थापनका लागि सफ्टवेयर जडानका लागि सहयोग माग गरेकाले रु ९० हजार रुपैयाँ विविध खर्च शिर्षकबाट खर्चहुने गरी सहयोग गर्ने निर्णय गरियो।</td><td></td></tr>
</table>